नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## माथिल्लो कर्णाली जलविद्युत आयोजना सन्दर्भमा सार्वजनिक अपिल

मिति: २०६६।१०।१५

१. माथिल्लो कर्णाली जलविद्युत आयोजनालाई नेपाल सरकारको मिति २०६३।८।२५ को निर्णय अनुसार निर्यातमूलक आयोजनाको रुपमा विकास गर्न प्रतिस्पर्धाको माध्यमबाट प्रबर्द्धकहरुको छनौट गर्ने सन्दर्भमा प्रस्ताव आह्वान गरिएको थियो ।

२. दोश्रो जनआन्दोलनपछि गठित तत्कालीन व्यवस्थापिका संसदको सर्वदलीय प्रतिनिधित्व रहेको प्राकृतिक श्रोत साधन समिति र अर्थ समितिले सरकारलाई दिएको निर्देशनको आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट मिति २०६४।९।१५ को निर्णय अनुसार प्राविधिक रुपमा उत्कृष्ट ठहरिएको GMR ITD Consortium कम्पनीलाई राज्यले अधिकतम लाभ लिने गरी आयोजना प्रबर्द्धन गर्न दिइएको हो । सो अनुरुप कम्पनीले प्रचलित रोयल्टीको अलावा १२% निःशुल्क ऊर्जा राज्यलाई प्रदान गर्नेछ । साथै २७% स्वःलगानी (Equity) नेपाल विद्युत प्राधिकरणलाई निःशुल्क दिनेछ । साथै उक्त आयोजनामा अध्ययन गर्दा भएको लगानी रु. ८ करोड तथा एकमुष्ठ दस्तुर रु. ३ करोड समेत प्रबर्द्धकबाट राज्यलाई प्राप्त भइसकेको छ ।

३. माथिल्लो कर्णाली जलविद्युत आयोजना विकास गर्न GMR ITD Consortium र नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको नेपाल विद्युत प्राधिकरणको निःशुल्क २७% को स्वामित्व (Free Equity) रहने गरी प्रचलित नेपाल कानून अनुसार GMR, Upper Karnali Hydropower Ltd. नेपालमै गठन भई सो उपक्रम (Joint Venture) लाई मिति २०६५।५।१९ मा प्रचलित ऐन/नियम अनुसार **विद्युत उत्पादनको सर्वेक्षणको अनुमतिपत्र** प्रदान भएको र प्रबर्द्धकले ३० महिनाभित्र सम्पूर्ण अध्ययन कार्य सम्पन्न गरी **विद्युत उत्पादनको अनुमतिपत्र**का लागि दरखास्त दिनु पर्ने शर्त रहेको छ ।

४. उक्त संयुक्त उपक्रम (प्रबर्द्धक) ले **विद्युत उत्पादनको अनुमतिपत्र** प्राप्त गरेपछि प्रचलित कानून अनुसार उक्त आयोजना ३० वर्षको अवधिको लागि निर्माण तथा सञ्चालन गर्ने छ । प्रबर्द्धकले आयोजना ४.५ वर्षमा निर्माण गर्ने छ र बाँकी २५.५ वर्षको अवधिमा विद्युत उत्पादन गरी निर्यात बिक्री गरी आफ्नो लगानी/मुनाफा प्राप्त गर्नेछ । यसका अतिरिक्त उक्त अवधिमा प्रबर्द्धकले राज्यलाई नियमानुसारको रोयल्टी दस्तुर, १२ प्रतिशत निःशुल्क ऊर्जा तथा कम्पनीले गर्ने मुनाफाको २७ प्रतिशत नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराउने छ । उक्त अवधिको अन्तमा प्रबर्द्धकले सम्पूर्ण आयोजना नेपाल राज्यलाई निःशुल्क चालु अवस्थामा हस्तान्तरण गर्नेछ । यस आयोजना सन्दर्भमा नेपाल सरकार तथा प्रबर्द्धकबीच सम्पन्न सम्झौता यस मन्त्रालयको वेबसाइट www.moen.gov.np मा तत्कालैदेखि राखिएको छ ।

५. प्रबर्द्धकले हालसम्ममा स्थलगत सर्वेक्षण कार्य सम्पन्न गरेको र वातावरणीय अध्ययन कार्य चालू रहेको अवस्था छ । साथै प्रबर्द्धकबाट अध्ययनकै चरणमा पनि उक्त क्षेत्रमा स्वास्थ्य र शिक्षामा सहयोग पुऱ्याउँदै आएको छ भने उक्त क्षेत्रमा सञ्चारको सुविधा सर्वसाधारणलाई समेत उपलब्ध गराउने तर्फ कार्य भइरहेको र स्थानीय जनताकै माग अनुसार करिब १७५ मिटर लामो झोलुंगे पुल पनि निर्माणमा जान लागेको छ । प्रबर्द्धक र स्थानीय सरोकार समुहबीच सहमति/सहकार्यमा अध्ययन कार्य भइरहेको छ । प्रस्तुत आयोजनाबाट स्थानीय बासिन्दालाई हुने लाभ तथा स्थानीय बासिन्दाको हक अधिकारप्रति ऊर्जा मन्त्रालय गम्भीर छ ।

६. एकीकृत नेकपा माओवादी पार्टीका केही नेताहरुद्वारा सुर्खेतमा हालै पत्रकार सम्मेलन गरी यही २०६६ माघ १६ गते शनिबारदेखि सो परियोजना बन्द गर्न चेतावनी दिएको भनी सार्वजनिक सञ्चार माध्यममा प्रकाशित प्रसारित भएको समाचारप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । नेपालको राष्ट्रिय प्राथमिकताप्राप्त यस आयोजनाको सन्दर्भमा राजनैतिक उद्देश्यबाट प्रेरित यस प्रकृतिको बाधा/अवरोधले आयोजनाको प्रगतिमा प्रतिकूल असर पार्ने हुन्छ ।

७. अतः अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको माध्यमबाट पारदर्शी रुपमा राज्यलाई अधिकतम लाभ प्राप्त गर्ने सुनिश्चितता गरी प्रबर्द्धन गरिएको प्रस्तुत आयोजनाको सन्दर्भमा राजनैतिक उद्देश्यबाट प्रेरित यस्ता प्रकृतिको बाधा-अवरोधले जलविद्युत आयोजनाहरुको विकासमा प्रतिकूल प्रभाव पार्ने र राज्यले अवलम्बन गरेको **विद्युत उत्पादनमा निजी क्षेत्रको लगानी** प्रबर्द्धन गर्ने हालको नीतिमा यस्ता क्रियाकलापबाट गम्भीर नकारात्मक असर पार्ने भएकाले र निजी क्षेत्रका लगानीकर्ताहरु हतोत्साही भई देशको छविमा नै नकारात्मक असर गर्ने भएकोले यस्तो बाधा-अवरोध सिर्जना गर्ने कार्य तत्काल बन्द गर्न ऊर्जा मन्त्रालय सम्बन्धित सबैमा अनुरोध गर्दछ ।

८. जलविद्युत आयोजनाहरु र लगानीको सुरक्षाबारे सरकार गम्भीर छ र यस प्रकृतिका घटनाबाट विचलित नहुन सम्पूर्ण जलविद्युत लगानीकर्ताहरुलाई समेत ऊर्जा मन्त्रालय अनुरोध गर्दछ ।

**(अनुप कुमार उपाध्याय)**
सहसचिव एवम् प्रवक्ता